# कञ्चनरूप नगरपालिकाको तेश्रो नगरसभामा प्रस्तुत आर्थिक वर्ष ०७६/०७७ को

# नीति तथा कार्यक्रम

श्रद्धेय सभाध्यक्ष ज्यू एबम्
नगरसभा सदस्य ज्यूहरू,

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको संविधान, २०७२ अनुरूप स्थानीय तहको निर्वाचन पश्चात कञ्चनरूप नगरपालिकाको गरिमामय तेश्रो नगर सभामा आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवान्वित र हर्ष विभोर भएको छु ।

नेपालको संविधान, २०७२ जारी भए पश्चात स्थानीय तहहरूको निर्वाचन भई जनप्रतिनिधिहरूले स्थानीय शासनको नेतृत्व लिएको पनि ३ वर्ष पुग्न लागेको अवस्थामा निर्वाचन पश्चात हालसम्म भए गरेका विकास निर्माण र दैनिक सेवा प्रवाहमा भएका प्रगतिको मुल्यांकन हामी स्वयंले गर्नु पर्ने वेला भएको छ ।

जनप्रतिनिधिले स्थानीय शासनको कमान सम्हाले पश्चात २ आर्थिक वर्ष हामीले सम्पादन गरेका कामहरूको मुल्यांकन र समिक्षा गर्दै नागरिकको अपेक्षा र उपलव्ध मानवीय, आर्थिक, सामाजिक सांस्कृतिक श्रोतहरू विच बढी भन्दा बढी तादात्म्यता कायम गर्नु हाम्रो लागि चुनौति रहेको छ । साथै विकास प्रतिको तिव्र जन आकांक्षा र जनप्रतिनिधिहरूको विकास प्रतिको तिव्र लगाव हाम्रा लागि अवसरको रूपमा रहेका छन् ।

**सभाध्यक्ष महोदय,**

संघीय शासन व्यवस्थाको जगको रूपमा रहेको स्थानीय तहको कार्यसम्पादनले नै नागरिकको विकासको आकांक्षा परिपुर्ति गर्ने र संघीय शासन व्यवस्थालाई जगैदेखि वलियो वनाउने सन्दर्भमा हामीमाझ उपलव्ध श्रोत साधन, चुनौती र अवसरलाई कसरी बढी भन्दा बढी जनमुखी तुल्याई जनआकांक्षालाई अधिकतम रूपमा सम्वोधन गर्ने भन्ने परिप्रेक्षमा यो नीति तथा कार्यक्रम तयार गरिएको छ ।

**सभाध्यक्ष्य ज्यू एबम् सदस्य ज्यूहरू,**

मुल रूपमा नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४, संघीय सरकारको नीति तथा कार्यक्रम, प्रदेश सरकारको नीति तथा कार्यक्रम, कन्चनरूप नगरपालिकाको आवधिक नगर विकास योजना, क्षेत्रगत नीति तथा रणनीतिहरू आदिलाई आधार मानि तयार गरिएको आ.ब.०७६।०७७ को यस नीति तथा कार्यक्रमले मुल रूपमा समेटेका विषयवस्तुहरूलाई म यस सभासमक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

### आ.ब.०७६,०७७ को नीति तथा कार्यक्रमका निम्न उद्देश्य रहेका छन्:

(१) योजनाहरूको संचालन र कार्यान्वयनमा प्रविधिको प्रयोगलाई बढावा दिई तोकिएको समयमानै सम्पन्न गर्ने वातावरण तयार गरिने ।

(२) नगरपालिका, विषयगत शाखा र वडा कार्यालयबाट प्रदान गरिने दैनिक सेवा प्रवाहलाई छिटो छरितो र प्रभावकारी तुल्याईने ।

(३) कृषि र पशुपालनलाई व्यवसायिक र आधुनिकिकरण गर्ने तर्फ आवश्यक कदम चालिने ।

(४) भौतिक पूर्वाधारको विकासलाई प्राथमिकिकरण गरी संचालन गरिने ।

(५) लक्षित वर्गको सशक्तिकरणका कार्यक्रमहरू संचालन गर्ने
(६) विकास कृयाकलापमा जनसहभागितालाई अधिक महत्व दिईने ।

**उपरोक्त उद्देश्य प्राप्तिका लगि चालु आर्थिक वर्षमा देहायका विषयक्षेगत नीति तथा कार्यक्रमहरू तय गरिएको छः**

**१.आर्थिक विकास**

**१.१ कृषि क्षेत्र :**

- कृषिलाई यान्त्रिकिकरण गर्ने तर्फ आवश्यक कार्यक्रम तथा बजेटको व्यवस्था गरिनेछ ।
- व्यवसायिक कृषि खेतीका लागि आवश्यक तालिम कार्यक्रमहरू संचालन गरिनेछ ।
- तरकारी, फलफुलका विउ तथा विरूवाहरू निशुल्क तथा किसानको लागत सहभागितामा वितरण गर्ने व्यवस्था मिलाईनेछ ।
- कृषियोग्य खेतीमा सिंचाई सुविधाको लागि कुलो पैनी मर्मत तथा साना सिंचाई कार्यक्रम संचालन गरिनेछ ।
- कृषियोग्य जमिनको माटोको उर्वराशक्तिको मापनका लागि माटो परीक्षण शिविर संचालन गरिनेछ ।
- कृषि विज्ञ तथा प्राविधिकको सहयोगमा हात्तिबाट हुन सक्ने मानवीय तथा धनमालको क्षतिलाई न्युनिकरण गर्ने आन्तरिक उपाय स्वरूप हात्तिले नरूचाउने र नखाने प्रकृतिका वालीहरू लगाउन किसानहरूलाई प्रोत्साहन गरिनेछ ।
- 

**१.२ पशुपंक्षि क्षेत्र**

- मासु तथा दुग्ध पदार्थ उत्पादनको सम्भावित क्षेत्रहरूमा व्यवसायिक मासु तथा दुध उत्पादन सम्वन्धि तालिम कार्यक्रम संचालन गरिनेछ ।
- व्यवसायिक पशुपालनको लागि आवश्यक हिउंदे, वर्षे र बहुवर्षे घांस लगाउन प्रोत्साहन गरिनेछ साथै त्यस्ता घांसका विउ सहज वितरणको व्यवस्था मिलाईनेछ ।
- पशुमा लाग्ने र लाग्ने सक्ने रोगहरूको निराकरणको लागि भ्याक्सिनेसनको कार्यक्रम अभियानको रूपमा संचालन गरिनेछ ।
- सवै वडाहरूमा पशु स्वास्थ्य शिविरको संचालन गरि निशुल्क पशु स्वास्थ्य जांच तथ औषधि वितरणको व्यवस्था मिलाईनेछ ।
- कृतृम गर्भाधारण कार्यक्रमलाई अझ व्यवस्थित र प्रभावकारी रूपमा संचालन गरिनेछ ।
- पोषण सुरक्षाका लागि तोकिएका वडाहरूमा तोकिएका परिवारहरूलाई कुखुराका चल्ला वितरणको व्यवस्था मिलाईनेछ ।

**१.३ सहकारी क्षेत्र :**

- साविक डिभिजन सहकारी कार्यालयमा दर्ता भई हाल यस नगरपालिकाको क्षेत्राधिकारभित्र परेका र नयाा दर्ता भएका सहकारी संस्थाहरूको क्षमता विकासको लागि लेखा तथा व्यवस्थापन सम्वन्धि तालिम कार्यक्रम संचालन गरिनेछ ।
- सहकारी संस्थाहरूको दर्ता, संचालन र अनुगमन सम्वन्धि कार्यलाई व्यवस्थित र प्रभावकारी वनाउनका लागि सहकारी नियमावली, मापदण्ड लगायतका कानूनी पूर्वाधारहरूको निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ ।

- सहकारी संस्थाहरूको सघन अनुगमनलाई प्राथमिकतामा राखि संचालन गरिनेछ ।
- सहकारी संस्थाहरूलाई उत्पादनसंग जोड्न आवश्यक नीति तथा कार्यक्रमहरू तय गरिनेछ ।
- सहकारी संस्थाहरूलाई स्थानीय सदस्य तथा नागरिकको दैनिक अत्यावश्यक काम तथा व्यवसायिक प्रयोजनका लागि आवश्यक पुंजीको व्यवस्था गर्न सक्ने गरी आर्थिक रूपमा सवल वनाउन आवश्यक सचेतनाका कार्यक्रमहरू संचालन गरिनेछ साथै सहकारी संस्थालाई वित्तीय पहुाचको दरिलो माध्यमको रूपमा विकास गर्न आवश्यक कदम चालिनेछ ।

**१.४ पर्यटन क्षेत्र :**

- यस नगरपालिका क्षेत्रभित्र रहेका पर्यटकीय स्थलहरूको समग्र विकासको लागि आवश्यक बजेटको व्यवस्था मिलाईनेछ ।
- पर्यटकीय स्थलहरूको एकिकृति विकासको लागि पर्यटन गुरूयोजनाको तयारी गरिनेछ ।
- हाल यस नगरपालिका र वाहिर समेत प्रचार प्रसारमा आएको पर्यटकीय स्थल धर्मेश्वर क्षेत्रको योजनाबद्ध विकासका लागि विस्तृत परियोजना प्रतिवेदन तयार गरी सोहि बमोजिम विकासको कार्य संचालन गरिनेछ ।
- धार्मिक तथा पर्यटकीय स्थलहरूको बृत्तचित्र निर्माण गरी संचारमाध्यम तथा अनलाईन संचाको माध्यमबाट प्रचार प्रसार गरी आन्तरिक तथा वाह्य पर्यटकहरूलाई आकर्षित गरिनेछ ।

**२. सामाजिक विकास क्षेत्र**

**२.१. शिक्षा :**

- नगरक्षेत्र भित्र संचालित सामुदायिक विद्यालयहरूको जनशक्ति र भौतिक पुर्वाधारको उपलव्धताको आधारमा आगामि आर्थिक वर्षमा दलित तथा अति विपन्न परिवारका विद्यार्थिहरूको लागि कम्तिमा एउटा सामुदायिक विद्यालयमा कक्षा ३ सम्म आवासीय रूपमा अध्ययन अध्यापन गर्नका लागि संचालन अनुदान उपलव्ध गराइनेछ ।
- सामुदायिक विद्यालयमा हाल कायम रहेको शिक्षकको अभाव पुर्तिका लागि यस अघि विज्ञापन भएका स्वयंसेवक शिक्षकको छनौटको कार्यलाई सम्पन्न गरी सामुदायिक विद्यालयहरूमा पठाइनेछ साथै आगामी आर्थिक वर्षमा थप करारका शिक्षकहरू भर्ना गरी दरवन्दि कम भएका सामुदायिक विद्यालयहरूलाई उपलव्ध गराइनेछ । सो का लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- सामुदायिक विद्यालयहरूको सुधारका सम्वन्धमा शिक्षक, अभिभावक र विद्यार्थीको सहभागितामा शैक्षिक अन्तरकृया कार्यक्रम संचालन गरी त्यसबाट प्राप्त सुझावको आधारमा सुधारका आगामी कार्यक्रमहरू संचालन गर्दै लगिनेछ ।
- सामुदायिक विद्यालयका शिक्षकहरूको क्षमता अभिबृद्धिका लागि आवश्यक तालिमको कार्यक्रम संचालन गरिनेछ ।
- विद्यालयमा भर्ना हुने तर निरन्तरता नदिने अवस्थाको पहिचान गरी दलित तथा अति विपन्न परिवारलाई थप सहयोगको व्यवस्था मिलाइनेछ ।
- सामुदायिक विद्यालय तथा निजी विद्यालयहरूको विकास, संचालन, नियमन र व्यवस्थापनका लागि शैक्षिक रणनीति तथा संस्थागत विद्यालयहरूको हकमा शैक्षिक नक्सांकन र दता, कक्षा थप, अनुगमन सम्वन्धि निर्देशिकाको निर्माण गरी लाागु गरिनेछ ।

- सामुदायिक विद्यालयहरूका वालक्लवहरूलाई अझ प्रभावकारी वनाई शैक्षिक सुधारको सहयोगीको रूपमा विकास गरिनेछ साथै आवश्यक खेल सामाग्री वितरणको व्यवस्था मिलाइनेछ ।
- विद्यालयमा शिक्षकको नियमित हाजिरीलाई प्रविधिमैत्री वनाउन विद्युतीय हाजिरीको जडान गरिनेछ र सो को अनुगमनको व्यवस्था मिलाइनेछ ।
- नगरभित्रका सामुदायिक विद्यालयहरूको तथ्यांकलाई एकिकृत र व्यवस्थित गर्नका लागि सफ्टवेयर जडान गरी कार्यान्वयनमा ल्याइनेछ ।
- सामुदायिक विद्यालयहरूमा अत्यावश्यक देखिएका पुर्वाधार तथा मर्मत सम्भारको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- आगामी आर्थिक वर्षमा नगर क्षेत्रभित्रका विद्यालयहरूमा अध्ययरत वालवालिकाहरूको अन्तरनिहित क्षमता प्रष्फुटनका लागि नगरस्तरीय अतिरिक्त कृयाकलाप संचालन गरिनेछ ।
- नतिजाको आधारमा उत्कृष्ट विद्यालय, शिक्षक र विद्यार्थिहरूलाई पुरस्कार तथा सम्मको व्यवस्था मिलाइनेछ ।
- सामुदायिक विद्यालयहरूको सघन अनुगमन कार्यलाई नियमित र प्रभावकारी तुल्याइनेछ । यस कार्यक्रमा आवश्यकता अनुसार सरोकारवाल र विज्ञको समेत सहयोग लिइनेछ ।

## २.२ स्वास्थ्य

- नगरभित्रका स्वास्थ्य चौकीहरूमा आधारभुत प्रयोगशाला सेवाको सुनिश्चितताको लागि आगामी आ.ब.मा थप २ वटा स्वास्थ्य चौकीहरूमा प्रयोगशाला स्थापना गरी संचालनमा ल्याइनेछ ।
- वर्थिंग सेन्टर संचालनमा रहेका स्वास्थ्य चौकीहरूमा नियमित विद्युत आपुर्तिका लागि सोलार पावर व्याकअप जडान गरिनेछ ।
- प्राथमिक स्वास्थ्य केन्द्र कन्चनपुरमा सर्पदंश सेवाको सुरूवात गरिनेछ । साथै विस्तारित सेवा संचालनका लागि आवश्यक सहयोग उपलव्ध गराइनेछ ।
- वर्थिङ्ग सेन्टरको सेवालाई व्यवस्थित बनाउन आवश्यक उपकरण सहित दक्ष प्रशूतिकर्मीबाट प्रशूति गराउन प्रोत्साहन गरी प्रशूति जटिलता व्यवस्थापन गर्न कञ्चनपुर अस्पतालबाट CEONC सेवा विस्तारका लागि आवश्यक कदम चालिनेछ ।
- वर्थिङ्ग सेन्टरमा २४ घण्टे नर्सिङ्ग कर्मचारीद्वारा प्रदान गरिने सेवालाई गुणस्तरीय तथा प्रभावकारी बनाउन हाल पाइरहेको रात्री सेवा भत्ता रकममा बृद्धि गरिनेछ ।
- जनमानसमा स्वास्थ्य सम्बन्धी जनचेतना अभिवृदिको लागि जनचेतना मुलक तथा प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- सरकारी तथा गैरसरकारी अस्पताल, स्वास्थ्य संस्थासँग समन्वय गरी घुम्ति स्वास्थ्य शिविरहरू संचालन गरिनेछ ।
- उपचारको क्रममा नगरपालिका भित्रका अशक्त, बिमारी, वेवारिसे, असहाय, गर्भवती महिला तथा बालबालिकाहरूलाई प्राथमिकता दिइनेछ ।
- कञ्चनरूप नगरपालिका पूर्ण खोप सुनिश्चित नगर घोषणा भई सकेको छ । पूर्ण खोप सुनिश्चित र दीगोपनाका लागि आवश्यक प्रर्वद्धनात्मक कार्यक्रमहरू संचालन गर्दै लगिनेछ ।
- नगरपालिका र नेपाल सरकार स्वास्थ्य मन्त्रालयबाट नि:शुल्क प्राप्त हुने औषधिहरू सम्बन्धित स्वास्थ्य संस्थाहरू मार्फत सर्वसाधारणलाई सहज तवरबाट उपलब्ध गराइने व्यवस्था मिलाइनेछ ।

- महिला स्वास्थ्य स्वयंसेविकाहरूको क्षमता विकास गरि परिचालन गरिनेछ र निजहरूलाई प्रोत्साहनको लागि साविकमा उपलब्ध गराइएको रकममा थप सुविधा उपलव्ध गराइनेछ ।
- पोषणमुक्त नगर घोषणाका लागि सुचकमा आधारित आवश्यक कार्यक्रमहरू संचानलन गरिनेछ ।
- प्रत्येक स्वास्थ्य संस्थामा नागरिक बडापत्र तथा सूचना पाटीको अनिवार्य व्यवस्था गरिनेछ ।
- नगरपालिका भित्रका गरिब, दलित, पिछडिएका महिलाहरू तथा अन्य विपन्न महिलाहरूमा विध्यमान रहेको आङ्ग खस्ने रोगको स्क्रिनिङ्ग गरी पाठेघरको रोगको निदान र उपचार तथा शल्य क्रियाको व्यवस्था गरिनेछ ।
- कञ्चनरूप नगरपालिकालाई Zero Home Delivery घोषणा गर्न प्रभावकारी कदम चालिनेछ ।
- प्रत्येक वडामा क्षयरोग निदानको लागि खकार परीक्षण शिविर संचालन गरी कंचनरूप नगरपालिकालाई क्षयरोग मुक्त नगर घोषणा गर्न प्रभावकारी कदम चालिनेछ ।
- नगरभित्रका स्वास्थ्यकर्मिहरूलाई सेवा संग सम्वन्धित विभिन्न तालिमहरू उपलव्ध गराइनेछ ।
- आयुर्वेद स्वास्थ्य सेवालाई प्रचार प्रसार र थप प्रभावकारी वनाउन आवश्यक कदम चालिनेछ ।
- आगामी आ.ब.मा कम्तिमा एउटा विशेषज्ञ डाक्टरहरूको व्यवस्था गरी आयुर्वेद स्वास्थ्य शिविर संचालन गरिनेछ ।
- आयुर्वेद सम्वन्धि औषधि खरीदका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- हाल निर्माणाधिन आयुर्वेद शाखाको भवनमा योगाभ्यास गर्ने प्रयोजनका लागि हल निर्माण गरिनेछ ।
- ज्येष्ठ नागरिकहरूका लागि आयुर्वेद स्वास्थ्य प्रवर्द्धनात्मक कार्यक्रम संचालन गरिनेछ ।

## २.३ खानेपानी तथा सरसफाई

- यस नगरपालिका क्षेत्रभित्रका केहि वडाहरूमा देखिएको खानेपानीको समस्यालाई समाधान गर्नका लागि नगरको आफ्नै श्रोत तथा वाह्य दातृ संघ संस्थासंगको सहयोगमा खानेपानी आयोजनाहरू संचालन गरिनेछ ।
- गुणस्तरीय खानेपानी उपलव्ध गराउादा महंगो लागत पर्ने र सो को नियमित मर्मत सम्भार गरी दिगोपना समेतको प्रत्याभुति गर्नु पर्ने सन्दर्भमा उपभोक्ताबाट केहि मात्रामा शुल्क उठाउने नीति लिइनेछ ।
- शौचालयको निर्माण र नियमित प्रयोग, सावुन पानीले हात धुने वानी लगायतका सरसफाईका आधारभुत कुराहरूलाई प्रभावकारी कार्यान्वयनमा ल्याउनका लागि जनप्रतिनिधि र कर्मचारी र गैरसरकारी संघसंस्थाहरूलाई परिचालन गरिनेछ । यसका लागि आवश्यक वजेट समेत विनियोजन गरिनेछ ।
- खानेपानी तथा सरसफाईको अवस्थामा कमजोर स्थितिमा रहेका अति विपन्न र दलित घर परिवारलाई शौचालय निर्माण तथा प्रयोग र सरसफाईका सम्वन्धमा वस्तुगत सहायता उपलव्ध गराईनेछ ।
- बृहत खानेपानी आयोजना संचालन नभएका स्थानहरूमा खानेपानी समस्याको समाधानको लागि आवश्यक समर्सियल पम्प तथा स्यालो ट्युवेल जडान कार्यलाई संचालन गरिनेछ ।

- खानेपानी तथा सरसफाई सम्वन्धि डिजिटल वास प्रोफाईल तयार गरी संचालनमा ल्याइनेछ ।

## २.४ संस्कृती प्रवर्द्धन

- नगरभित्र परम्परादेखि चलिआएका धार्मिक एवं सांस्कृतिक मेला तथा पर्वहरूलाई संरक्षण र प्रवर्द्धन गर्नका लागि तोकिए बमोजिम आर्थिक सहायता उपलव्ध गराईनेछ ।
- लोपोन्मुख रूपमा रहेका संस्कृती तथा सम्पदाहरूलाई जगेर्णा र संरक्षण गर्न विशेष सहयोग र सहजिकरणका कार्यक्रम संचालन गरिनेछ ।
- धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाहरूको निर्माण, जिर्णोद्धार तथा संरक्षणका कार्यक्रम संचालन गरिनेछ ।

## २.५ लैंगिक समानता तथा सामाजिक समावेशीकरण :

- यस नगरपालिकालाई वालमैत्री नगर घोषणा गरिनेछ । साथै घोषणा पश्चात यसको टिकाउ र दिगोपनाका लागि सम्वन्धित सुचकका आधारमा गर्नु पर्ने कार्यहरूलाई सोको रणनीति बमोजिम नियमित रूपमा संचालन र कार्यान्वयन गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- वाल संरक्षणमा कृयाशिल समिति, वालक्लवहरू लाई नियमित र प्रभावकारी तुल्याइनेछ । वाल क्लवहरूलाई खेलकुदका सामाग्रीहरू उपलव्ध गराइनेछ । वाल क्लवमा आवद्ध वालवालिकाहरूको क्षमता अभिबृद्धि कार्यक्रमहरू संचालन गरिनेछ ।
- नगर भित्रका वालवालिकाहरूमा अन्तरनिहित क्षमतालाई उजागर गर्ने प्रयास स्वरूप आगामी आर्थिक वर्षमा नगरस्तरीय प्रतियोगितात्मक वालवालिका क्षमता प्रष्फुटन कार्यक्रम संचालन गरिनेछ ।
- सडक तथा अनाथ वालवालिकाहरूको आपतकालिन उद्धार तथा राहत र पुनस्थापना कार्यक्रम स्थानीय संघ संस्थाहरूसंगको साझेदारीमा संचालन गरिनेछ ।
- योजना निर्माणको चरणमा वालवालिकाहरूको प्रतिनिधित्व सुनिश्चित गरी उनीहरूबाट माग भएको योजनाहरूमा नगर तथा वडाहरूबाट बजेट विनियोजन गर्ने व्यवस्था मिलाइनेछ ।
- विभिन्न प्रकारका हिंसाबाट पिडित महिलाहरूलाई तत्काल उद्धार गर्नको लागि महिलाको क्षेत्रमा काम गर्ने स्थानीय संघ संस्थाहरूसंगको साझेदारीमा एक सेवाकेन्द्र संचालन गरिनेछ ।
- अपांगता भएका व्यक्तिहरूको पुनस्थापना कार्यक्रम संचालन गरिनेछ । साथै निजहरूलाई आवश्यक सहायक सामाग्री उपलव्ध गराउने व्यवस्था मिलाइनेछ ।
- अपांगता परिचयपत्र वितरणकार्यलाई व्यस्थित र प्रभावकारी वनाइनेछ ।
- ज्येष्ठ नागरिकको निशुल्क स्वास्थ्य शिविर संचालन तथा सम्मानको कार्यक्रम संचालन गरिनेछ ।
- ज्येष्ठ नागरिकहरूको ज्ञान, सीप र अनुभवलाई नयाा पुस्तामा हस्तान्तरण गर्नका लागि पुस्तान्तर विच अन्तरकृया कार्यक्रमहरू संचालन गरिनेछ ।
- एकल महिलाहरूको सीप र दक्षतामा अभिबृद्धि गरी आर्थिक रूपमा सवल वनाउने प्रयास स्वरूप उनिहरूको सशक्तिकरणका कार्यक्रम संचालन गरिनेछ ।
- वाल विवाह, वालश्रम तथा वाल दुर्व्यवहार सम्वन्धि सचतनामुलक कार्यक्रमहरू संचालन गरिनेछ ।

- वालश्रमिकको रूपमा काम गर्ने वालवालिकाहरूको परिवारलाई आर्थिक उपार्जनका क्षेत्रमा सहयोग गर्ने कार्यक्रम संचालन गरिनेछ ।
- दलित, आदिवासी जनजाती, मधेशी, थारू, मुस्लिम तथा अल्पसंख्यकहरूको विकास र उत्थानका लागि आवश्यक कार्यक्रमहरू संचालन गरिनेछ ।

**३. पुर्वाधार क्षेत्र :**

**३.१. सडक तथा पुल**

- नगरभित्रका सडकहरूलाई नगर यातायात गुरूयोजनाको निर्माण गरी विभिन्न श्रेणीमा वर्गिकरण र प्राथमिकिकरण गरी सोहि बमोजिम बजेट विनियोजन गरिनेछ ।
- सडकको चौडाई र क्षेत्राधिकार तोकि सो बमोजिम कायम नहुने र नभएका योजनाहरूमा बजेट विनियोजन गरिने छैन र विनियोजन भएको भएमा तोकिए बमोजिमको मापदण्ड कायम भए पश्चात मात्र कार्यान्वयनमा लगिनेछ ।
- सडक योजनामा बजेट विनियोजन गर्दा वडा र नगर भित्रका महत्वपुर्ण सडकहरूलाई बढी रकम विनियोजन गर्ने व्यवस्था मिलाइनेछ । साथै टुक्रे योजनाहरूमा थोरै बजेट विनियोजन गर्ने परम्परालाई निरूत्साहित गरिनेछ ।
- सडक निर्माण र स्तरोन्नती कार्य खर्चिलो र धेरै रकम आवश्यक पर्ने भएको हुंदा नगरको बजेटले मात्र सवै सडकहरूको स्तरोन्नती कार्य हुन नसक्ने अवस्थालाई मध्यनजर गरी रणनैतिक महत्वका सडकहरूको विस्तृत परियोजना प्रतिवेदन तयारी गरी संघ, प्रदेश र दातृ संस्थाहरूसंग बजेट तथा कार्यक्रम प्रस्ताव गरी निर्माण गर्ने नीति लिइनेछ ।
- विनियोजन ऐनमा समावेश भएका सडक लगायतका पुर्वाधारका योजनाहरूको समयमानै कार्य सम्पन्न गर्ने प्रयोजनका लागि नगरसभाबाट निश्चित समयावधि तोकि कार्यसम्पन्न गर्ने कार्यतालिका स्विकृत गरी लागु गर्ने व्यवस्था मिलाइनेछ । सो बमोजिम कार्य हुन नसक्ने वा नगर्ने योजनाहरूमा विनियोजन भएको बजेटरकम लाई प्राथमिकताको आधारमा अन्य योजनाहरूमा रकमान्तर गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।
- पुर्वाधार योजनाहरूको लागत इष्टिमेट, स्थलगत अनुगमन तथा मुल्यांकन कार्यलाई छिटो, छरितो तथा प्रभावकारी तवरले सम्पन्न गर्नका लागि जनशक्तिलाई आवश्यक तालिम, प्रविधिगत सहयोग तथा टुल्सहरूको उपलव्धता सुनिश्चित गरिनेछ ।

**३.२ सिंचाई**

- कृषियोग्य जमिनको पर्याप्तताका वावजुद उत्पादन र उत्पादकत्वको अवस्था कमजोर रहेको यस नगरभित्रका खेतीयोग्य जमिनमा सिंचाई सुविधा उपलव्ध गराउनका लागि साना सिंचाई कार्यक्रम संचालन गरिनेछ ।
- यस नगरभित्र भएर जाने चन्द्र नहर र अन्य पानीका श्रोतहरूबाट बढी भन्दा बढी जमिनमा सिंचाई सुविधा उपलव्ध गराउनका लागि पोर्टेवल वाटर पम्पको व्यवस्था गरी सिंचाई सुविधा उपलव्ध गराउने व्यवस्था मिलाइनेछ ।
- डिप बोरिंग मार्फत खेतीयोग्य जमिनमा सिंचाई उपलव्ध गराउन कृषि विद्युतीकरणलाई प्राथमिकताका साथ कार्यान्वयनमा ल्याइनेछ । यसका लागि विद्युत प्राधिकरणको स्थानीय कार्यालयसंग समन्वय गरिनेछ ।

**३.३ भवन तथा शहरी विकास**

- नगर भित्र निर्माण हुने निजी घरहरूको निर्माणका लागि आवश्यक मापदण्ड निर्धारणका लागि राष्टिय भवन निर्माण संहिताको अधिनमा रहि स्थानीय भवन निर्माण मापदण्ड स्विकृत गरी कार्यान्वयनमा ल्याइनेछ ।

- निजी तथा सार्वजनिक भवन निर्माण गर्दा अनिवार्य रूपमा नक्सा पास गराई मात्र निर्माण गर्नु पर्ने व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याइनेछ ।
- व्यवस्थित वस्ति तथा शहरी विकासको लागि नगर भित्रको जग्गालाई सो को प्रयोजनका आधारमा विभिन्न क्षेत्रमा वर्गिकरण गरी आवासीय क्षेत्रमा मात्र वस्ति विकास गर्ने रणनीति लिइनेछ । सो का लागि भु उपयोग योजनाको तयारी गरी कार्यान्वयनमा ल्याइनेछ ।
- नगरभित्रको ढलनिकासको उचित प्रवन्ध गर्नका लागि आगामी आर्थिक वर्षमा ढल निकास गुरूयोजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ । सो गुरूयोजना बमोजिम मात्र ढल सम्वन्धि योजनाहरूमा बजेट विनियोजनको व्यवस्था मिलाइनेछ ।

## ४. वन, वातावरण तथा विपद व्यवस्थापन

### ४.१ वन तथा भुसंरक्षण

- सडक क्षेत्र, सार्वजनिक स्थल, नदी किनार, वनक्षेत्र लगायत निजी क्षेत्रमा समेत वृक्षारोपण गरि हरियाली प्रवर्द्धनमा जोड दिइनेछ ।
- कञ्चनरूप नगरलाई हरित नगरीको रूपमा विकास गर्न संघीय सरकारको नीति अनुरूप एक नागरिक एक फलफुलको विरूपा रोप्ने कार्यक्रमलाई अभियानको रूपमा लागु गरिनेछ ।
- नगरको बजेटबाट विनियोजित बन तथा वातावरण संरक्षण सम्वन्धि योजना तथा कार्यक्रमहरूमा आवश्यक पर्ने विरूवाहरू स्थानीय नगरक्षेत्रभित्रका नर्सरीहरूबाटै खरीद गर्ने व्यवस्था मिलाइनेछ ।
- नगरपालिकाले पानीको श्रोतको सदुपयोग गरी भैरहेको पोखरी, तालहरूमा माछा पालन गर्ने तथा इच्छुक कृषक तथा फार्महरू परिचालन गरी मत्स्य पालनलाई बढावा दिइनेछ ।
- सामुदायिक वन क्षेत्रबाट प्राप्त आम्दानीलाई स्थानीय वन विकासमा लगानी गर्न र स्थानीय स्तरको विकासको लागी प्रेरित गरिनेछ ।

### ४.२. विपद व्यवस्थापन

- नगरस्तरीय विपद व्यवस्थापन कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।
- विपद्को पुर्वतयारी र त्यसको क्षतिको न्यूनिकरण गर्नको लागि क्षेत्रगत रणनीति अवलम्बन गरी कार्यान्वयनमा ल्याइनेछ । र सचेतनाका कार्यक्रम संचालन गरिनेछ ।
- सम्भावित प्रकोपको नियन्त्रणको लागि उपयुक्त ठाउँमा बाध, तटवन्ध, पुल तथा निकासहरूको उचित व्यवस्थापन गरिनेछ ।
- विकासबाट हुन सक्ने विनासलाई न्युनिकरण गरी विकासलाई दिगो वनाउन अधिकतम रूपमा श्रममुलक प्रविधिमा जोडदिइनेछ । साना विकास योजनामा मेसिनरी सामाग्रीहरूको प्रयोगलाई निरूत्साहित गरिनेछ ।
- विपदको समयमा आपतकालिन उद्धार र राहतको लागि खुला सार्वजनिक स्थानको पहिचान गरि आपतकालिन आश्रयस्थलको रूपमा विकास गरिनेछ । आपतकालिन समयमा आइपर्ने खाद्यान्न र पानीको व्यवस्था गर्न स्थानीय व्यापारी वा संघ संस्थासंग वार्षिक संझौता गरी तोकिएको परिमाणको खाद्यान्न र पानीको संचितिको व्यवस्था मिलाइनेछ ।
- विपद्को समयमा उद्धार र राहतको लागि प्रत्येक वडामा स्वयंसेवकहरूको समुहलाई आवश्यक तालिमद्धारा प्रशिक्षित गरी सम्पर्क माध्यम तयारी अवस्थामा राखि जुनसुकै समयमा खटिन सक्ने गरी तयारी अवस्थामा राखिनेछ ।

- प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, सहरी स्वास्थ्य क्लिनिकहरूमा आपतकालीन औषधिको भण्डारणको व्यवस्था मिलाई स्वाथ्यकर्मिहरूलाई समेत तयारी अवस्थामा राख्ने व्यवस्था मिलाइनेछ ।
- विपद्बाट हुनसक्ने क्षतिको तत्काल उदार, राहत र पूर्नस्थापनाका लागि आवश्यक जनशक्ति, सामाग्री र श्रोतको पहिचान गरिनेछ ।
- विपद व्यवस्थापन कोषको प्रयोगलाई अझ व्यवस्थि तगर्दै लगिनेछ ।
- चुरे पहाडबाट उत्पति भएका महुली, सुन्दरी, पौडा, बान्द्रा, राई खोला, बघुवा, बभना आदी नदी नालाहरूबाट वर्षाको समयमा आउने भेल बाढीबाट हुने क्षति र कटान रोक्नको लागि सघन रूपमा नदी नियन्त्रण कार्यक्रम संचालन गरिनेछ । यसका लागि संघ तथा प्रदेश सरकारसंग समेत आवश्यक बजेटको व्यवस्थाका लागि पहल गरिनेछ ।

### ४.३ फोहरमैला व्यवस्थापन

- नगर क्षेत्रको सरसफाईको लागि समय समयमा अभियानहरू संचालन गर्दै लगिनेछ ।
- वायु प्रदुषण, ध्वनी प्रदुषण, जल प्रदुषण, भूमी प्रदुषण, औधोगीक प्रदुषण जस्ता प्रदुषणजन्य प्रकृतिका उद्योगहरूको संचालन गर्न पूर्णत: निरूत्साहित गरिनेछ ।
- नगरपालिका क्षेत्रभित्र उत्पादन हुने फोहोरमैला व्यवस्थापनलाई प्राथमिकता दिई व्यवस्थापन गरिनेछ । यसको लागि आगामी आर्थिक वर्ष भित्र फोहोरमैला व्यवस्थापनका लागि डम्पिंग साईटको निर्माणलाई पुर्णता दिई संचालनमा ल्याइनेछ ।
- फोहोरमैला व्यवस्थापनको लागि घर नक्सा पास गर्दा अनिवार्य रूपमा शौचालय र सेफ्टी ट्यांकी निर्माण गर्नुपर्ने व्यवस्था लागू गरिनेछ ।
- नगर क्षेत्रभित्र छोडिने छाडा पशु चौपाया, सडक किनारामा पशु बाँध्ने प्रणालिलाई निरूत्साहित गरिनेछ । सार्वजनिक स्थलमा छाडिएका छाडा पशुहरूलाई नियन्त्रणमा लिइ कान्जी हाउसमा राखिने व्यवस्था गरिनेछ ।
- नगर क्षेत्रलाई चालु आ.व मा साथै पूर्ण सरसफाईयुक्त नगरको लागि सरसफाईका विशेष कार्यक्रमहरू संचालन गर्दै लगिनेछ ।
- सार्वजनिक स्थलमा निर्माणाधिन सार्वजनिक शौचालयहरू आगामी आ.ब.मा निर्माण सम्पन्न गरी संचालनमा ल्याइनेछ । तिनिहरूको नियमित सरसफाई र मर्मत सम्भारको उचित प्रवन्ध गरिनेछ ।

### ४.४ जलाधार संरक्षण

- वन जंगल, वन्यजन्तु, ढुंगा, गिटि बालुवा, नदी, खोला, खानी आदी प्राकृतिक श्रोतहरूको पहिचान गरि वातावरणीय परीक्षण प्रतिवेदनले तोकेको परिमाणमा मात्र उत्खनन गर्ने व्यवस्था मिलाइनेछ ।
- पानीको श्रोत, मुहान, पोखरी, तलाउ लगायतका जैविक विविधताको संरक्षण गर्ने नीति लिइनेछ ।
- वन पैदावार, ढुंगा, बालुवाको चोरी निकासीलाई नियन्त्रण गरी करको दायरामा ल्याइनेछ ।
- सिमसारको उचित संरक्षण, व्यवस्थापन र प्रवर्द्धन गरिनेछ ।

### ४.५ वारूणयन्त्र संचालन र व्यवस्थापन

- चालु आ.ब. भित्र कार्यालयमा उपलब्ध हुने वारूणयन्त्र संचालनको लागि उपयुक्त मोडल पहिचान र छनौट गरी सोहि बमोजिम संझौता गरी संचालनको व्यवस्था मिलाइनेछ ।
- वारूणयन्त्र संचालनको लागि आवश्यक पर्ने जनशक्ति सकेसम्म आउटसोर्सिंग गर्ने व्यवस्था मिलाइनेछ ।

- वारूणयन्त्रको सुरक्षा, मर्मत र तयारी अवस्थामा राख्नका लागि आवश्यक कार्यहरू गरिनेछ ।

## ५. सुशासन तथा संस्थागत विकास

### ५.१ मानव संशाधन विकास

- नगर कार्यपालिका, वडा कार्यालय तथा विषयगत शाखामा कार्यरत कर्मचारीहरूलाई निजहरूको कार्यप्रकृती बमोजिमको तालिम कार्यक्रम संचालन गरिनेछ ।
- विद्यमान नवितनम तर अत्यावश्यक प्रविधि मार्फत कार्यसन्चालन गरी छिटो तथा प्रभावकारी सेवा प्रवाह गर्ने क्रममा हाल कार्यरत जनशक्तिमा देखिएको क्षमताको कमीलाई पुर्ति गर्नका लागि सो संग सम्वन्धित अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ ।

### ५.२ संस्थागत क्षमता विकास

- कुनै एक शाखा वा फाँटमा कार्यरत कर्मचारीको अभावमा कार्यालयको काममा अवरोध हुने वा सेवाग्राहीले समस्या भोग्नु पर्ने अवस्थालाई न्युनिकरण गर्नका लागि सवै कर्मचारीहरूलाई सवै प्रकृतिका कार्य गर्न सक्ने तुल्याउन एक भन्दा बढी शाखाको जिम्मेवारी दिने या निश्चित समयमा शाखा परिवर्तनको नीति लिइनेछ ।
- स्थापना पश्चात संचालनमा आएको छोटो समयमा नगरको संस्थागत क्षमताको विषयमा धेरै अपेक्षा गर्नु त्यति उचित नभए पनि आगामी ३ आर्थिक वर्ष भित्र नगरपालिकालाई तदर्थ वा प्रयोग र आवश्यकताको सिद्धान्त बमोजिम नभई विधि, प्रकृया, र स्वशासनका स्विकार्य सिद्धान्त र मान्यता बमोजिम स्वचालित रूपमा संचालन हुने व्यवस्था मिलाइनेछ ।

### ५.३ राजश्व परिचालन

- नगरको आन्तरिक राजश्व बृद्धि गर्न विज्ञहरूद्धारा राजश्वको सम्भाव्यता अध्ययन गरी राजश्वको दायरा विस्तार गर्ने, राजश्वका दररेटहरूलाई परिमार्जन गर्ने, निजीक्षेत्रसंग अन्तरकृया र राजश्वको वारेमा प्रचार प्रसार गर्ने, तोकिएका क्षेत्रहरूमा निजी क्षेत्रको छाता संगठनसंग करको दायरा विस्तार तथा संकलनमा साझेदारी गर्ने नीति लिइनेछ ।
- नगरसंग भएका सवारी साधनहरूको प्रयोग र संचालनलाई अझ बढी व्यवस्थित तुल्याई प्राप्त हुने आयलाई विस्तार गरिनेछ ।
- नगर र वडाबाट संकलन हुने राजश्वको वैंक दाखिला संकलन भएको मितिले भोलिल्ट नै गर्ने व्यवस्था मिलाइनेछ ।

### ५.४ वित्तीय व्यवस्थापन

- नगरले गर्ने सवै प्रकारका वित्तीय कारोवारलाई सुत्रमार्फत अझ बढी व्यवस्थित र प्रभावकारी वनाइनेछ ।
- वित्तीय व्यवस्थापनलाई प्रभावकारी वनाउन सम्वन्धित कर्मचारीहरूलाई तालिमको कार्यक्रम संचालन गरिनेछ ।

### ५.५ सार्वजनिक सुनुवाई

- नगर र वडाबाट संचालन हुने विकास कृयाकलाप तथा सेवा प्रवाहको वारेमा आम नागरिक समक्ष प्रष्ट पार्ने तथा नागरिकको चासो र सरोकारका विषयलाई प्रत्यक्ष सम्वाद गरी सम्वोधन गर्नका लागि चौमासिक रूपमा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिनेछ ।

### ५.६ आन्तरिक र अन्तिम लेखापरीक्षण

- नगरबाट भएका आम्दानी तथा खर्च सम्वन्धि काम कारवाहिलाई नियमितता, दक्षता, कार्यक्षमता, प्रभावकारीता र औचित्यताको आधारमा कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट आन्तरिक लेखा परीक्षण र महालेखा परीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गर्ने व्यवस्था मिलाइनेछ ।
- गत आ.ब.को लेखापरीक्षणबाट कायम हुन आएको वेरूजु असुल उपर तथा फछ्र्यौटका लागि तदारूकताका साथ कारवाहि मगाडि बढाईनेछ ।

**५.७ सेवा प्रवाहका मापदण्ड निर्धारण**

- नगरबाट प्रवाह हुने सेवाको न्युनतम मापदण्ड निर्धारण गरी सर्वसाधारणको जानकारीको लागि प्रकाशन र प्रशारणको व्यवस्था मिलाइनेछ ।
- नागरिकले प्राप्त गर्ने सेवाका क्षेत्रहरूको समय, लागत, प्रकृया र कागजात सहितको जानकारी भएको सेवा वडापत्रलाई सेवाग्राहिले देख्न सक्ने स्थानमा राखिनेछ ।
- सेवा प्रवाहलाई उपलव्ध बजेट र जनशक्तिको आधारमा अधिकतम रूपमा प्रविधिमैत्री बनाउदै लगिनेछ ।
- लागत अनुमान तयारी, मुल्यांकन विलको तयारी, योजनाको प्रशासनिक कामको तयारी तथा अभिलेखिकरण, कर संकलन तथा अभिलेखिकरण जस्ता कृयाकलापलाई व्यवस्थित र प्रभावकारी वनाउन सफ्टवेयर र प्रविधिलाई अवलम्वन र प्रयोग गरिनेछ ।